

# डिजिटल परिदृश्य

## सञ्चार र पत्रकारिताको आयामिक परिवर्तन

Center *for* Media Research NEPAL

ऋषिकेश दाहाल

# डिजिटल परिदृश्य

## सञ्चार र पत्रकारिताको आयामिक परिवर्तन




**ऋषिकेश दाहाल**

सेन्टर फर मिडिया रिसर्च – नेपाल

**डिजिटल परिदृश्य — सञ्चार र पत्रकारिताको आयामिक परिवर्तन**

लेखक : ऋषिकेश दाहाल

प्रथम संस्करण २०२५

प्रकाशक : **सेन्टर फर मिडिया रिसर्च - नेपाल**

काठमाडौं - ३२, नेपाल

© २०२५ ऋषिकेश दाहाल / सेन्टर फर मिडिया रिसर्च - नेपाल

यस पुस्तकका सामग्रीहरू क्रियटिभ कमन्स एट्रिब्युसन-शेयरअलाइक ४.० अन्तर्राष्ट्रिय लाइसेन्स अन्तर्गत प्रकाशित गरिएको छ । लेखक र प्रकाशकलाई उचित क्रेडिट दिई यसका सामग्रीलाई गैर-नाफामूलक प्रयोजनका लागि कुनै पनि माध्यम वा ढाँचामा प्रयोग, पुनः प्रकाशन, वा बाँडफाँड गर्न सकिन्छ । यो पुस्तक प्रकाशकको वेबसाइट र डिओआई (DOI) प्रयोग गरी निशुल्क डाउनलोड गर्न सकिन्छ । यस पुस्तकको मूल्य वितरण र छपाइ खर्चको व्यवस्थापनका लागि तोकिएको हो ।

पुस्तकमा समाविष्ट तथ्य, तथ्याङ्क र विचारहरू लेखकका व्यक्तिगत हुन् । तथ्य, उद्धरण तथा सर्वाधिकार सुरक्षित सामग्रीहरूको उचित प्रयोगमा लेखक स्वयम् उत्तरदायी छन् । यथासम्भव तथ्यहरूको प्रमाणिकता सुनिश्चित गर्ने प्रयास गरिएको भएता पनि लेखक वा प्रकाशक त्यसको प्रयोगबाट उत्पन्न हुने परिणामका लागि जिम्मेवार हुने छैनन् ।

| | | |
|---|---|---|
| डिओआई (DOI) | : | 10.62657/cmr25b |
| आईएसबीएन (ISBN) | : | ९७८-९९३७-१-८५०१-१ |
| डिजाइन | : | किरण श्रेष्ठ |
| फन्ट | : | मुक्ता |
| कभर चित्र | : | ChatGPT द्वारा सिर्जित |
| मुद्रण | : | पब्लिक प्रिन्टर्स, काठमाडौं, नेपाल |
| मूल्य | : | ४५०/- |
| वितरक | : | मण्डप पब्लिकेसन हाउस, भृकुटीमण्डप, काठमाडौं<br>mandappublicationhouse@gmail.com |

# प्रकाशकीय

सूचना प्रविधिको विकासले ल्याएको परिवर्तन, चुनौती र त्यसको सम्भावित प्रभावका विषयलाई लिएर अहिले हरेक क्षेत्रमा छलफल, चासो, चिन्ता र बहस हुने गरेको छ । त्यसमा पनि विशेषगरी सञ्चार एवम् पत्रकारिता क्षेत्रमा यो चासो र चिन्ता बढी देखिनु स्वाभाविक नै हो । आर्टिफिसियल इन्टेलिजेन्सको आगमन, प्रयोग र सूचना प्रविधिको द्रुत विकासले सञ्चार एवम् पत्रकारिताको क्षेत्रमा चुनौती मात्रै थपेको छैन, अवसर पनि ल्याएको छ । तर, अहिले यी विषयमा भएका छलफल र सीमित मात्रामा भएका अध्ययनलाई हेर्ने हो भने त्यसको दायरा साँघुरो देखिन्छ । यही सेरोफेरोमा त्रिभुवन विश्वविद्यालयमा पत्रकारिता तथा आमसञ्चार प्राध्यापन गर्ने डा. ऋषिकेश दाहालको डिजिटल परिदृश्य : सञ्चार र पत्रकारिताको आयामिक परिवर्तन शीर्षकको पुस्तक प्रकाशन भएको छ ।

पुस्तकको शीर्षकले नै यसको बहुआयामिक पक्षलाई देखाएको छ भने सामग्रीले यसको इतिहास, वर्तमानमा पारेको प्रभाव र भविष्यमा आउन सक्ने सम्भावित चुनौतीको विषयलाई समेटेको छ । सञ्चार र पत्रकारिता क्षेत्रमा डिजिटल प्रविधिको आगमनपछि आएको परिवर्तन र त्यसले पारेका प्रभावका विषयमा पुस्तकले मिहिन विश्लेषण गरेको छ । आधुनिक प्रेसको आविष्कार गरेको प्रसङ्ग होस् वा नेपालमा गोरखापत्र प्रकाशनको सुरुवात हुँदाको कुरा नै किन नहोस्; इन्टरनेटको आगमनपछि गुगलको लोकप्रियताको प्रसङ्ग होस् वा अहिले आर्टिफिसियल इन्टेलिजेन्सप्रतिको निर्भरताको विषय नै किन नहोस्; पुस्तकले साङ्गोपाङ्ग पक्षलाई समेटेको छ ।

सोसल मिडियाले आफ्नो प्रभाव फैलाइरहेको विषयदेखि यसैका कारण मिथ्या सामग्रीको प्रभावको आयतन फैलिएको मात्रै होइन, यसले कसरी लोकतान्त्रिक प्रणालीमाथि नै खतरा निम्त्याउन सक्छ भन्ने कुराको सूक्ष्म अध्ययन पुस्तकमा छ ।

त्यसो त पुस्तकले पत्रकारिता एवम् सञ्चारको क्षेत्रमा डिजिटल प्रविधिले ल्याएको नयाँ अवसरलाई पनि उत्तिकै जोड दिएको छ । सञ्चार र पत्रकारिता क्षेत्रमा सूचना प्रविधिको विकासले के कस्तो परिवर्तन र प्रभाव ल्याएको छ भनी बहुपक्षीय विषयवस्तु समेटिएको पुस्तकको दृष्टिकोण चाहिँ बहुआयामिक छ । त्यसैले पनि सञ्चार एवम् पत्रकारिता विधाको ज्ञान निर्माण प्रकृयामा यस पुस्तकको योगदान उच्च रहने हाम्रो विश्वास रहेको छ । यस्तो गहकिलो पुस्तकका लागि सेन्टर फर मिडिया रिसर्च–नेपालका पूर्वअध्यक्ष ऋषिकेश दाहाललाई हार्दिक धन्यवाद दिनुका साथै पुस्तक तयारीका क्रममा सहयोग गर्नुहुने सबैमा आभार व्यक्त गर्न चाहन्छु ।

**दीपक अर्याल**

अध्यक्ष, सेन्टर फर मिडिया रिसर्च - नेपाल

प्राक्कथन

# सामान्यीकरणतर्फ डिजिटल सङ्क्रमण

**– प्रा. पी खरेल**

सूचना प्रविधिको क्षेत्रमा देखिएका परिवर्तन, चुनौती र भविष्यमा पार्न सक्ने प्रभाव 'डिजिटल परिदृश्य: सञ्चार र पत्रकारितामा आयामिक परिवर्तन' पुस्तकको मूल विषयवस्तु हो । लेखक डा. ऋषिकेश दाहालसँग दुई दशक त्रिभुवन विश्वविद्यालयका क्याम्पसमा अध्यापनका साथै व्यवहारिक पत्रकारिताको समेत लामो अनुभव कायम छ ।

सञ्चार माध्यम र सामग्रीबारे महत्त्वपूर्ण पक्ष समेटिएको पुस्तकमा सान्दर्भिक तथ्य, तथ्याङ्क र उद्धरणले सज्जित नौ वटा अध्याय समेटिएका छन् । आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को आगमनले तीव्र बनाएको इन्टरनेट युगका विभिन्न पक्ष समेटिएको कृति सञ्चार र प्राज्ञिक क्षेत्रका लागि सम्भवतः सबैभन्दा बहुआयामिक योगदान हो ।

पन्ध्रौं शताब्दीमा गुटनबर्गको प्रेसबाट सुरु भई सन् १९०१ मा नेपालमा पहिलो अखबार *'गोर्खापत्र'* को प्रकाशन, त्यसपछिको प्रसारण माध्यम हुँदै डिजिटल युग तथा त्यसले नेपाली समाजमा पारेको प्रभावका सन्दर्भलाई गहकिलो प्रस्तुतिका साथ यस पुस्तकले सञ्चार माध्यममा देखिएको तीव्र परिवर्तनलाई केन्द्रमा राखेको छ । सोसल मिडियाको विस्तार र प्रभाव, मिथ्या सामग्री फैलाउन छद्म खाताको प्रयोग, सूचना र समाचार बिचको अन्यौलता जस्ता विषयले पुस्तकको दायरालाई फराकिलो बनाएको छ । त्यसैगरी, भिडियो सेयरिङ एप्लिकेसन युट्युबको प्रयोग, प्रविधिको विकाससँग जोडिएर आएको डिजिटल अपराध, मध्यस्थतामा आधारित माध्यमको क्षयीकरणले

लोकतन्त्रमा पारेको प्रभाव र प्रविधिसँग जोडिएको नैतिक तथा कानुनी प्रश्नलाई समेटेको छ । केही वर्षभित्र विश्वको सामाजिक संरचनामा अझै उथलपुथल ल्याउने एआईले प्रवर्द्धन गरिरहेको इन्टरनेट संस्कृतिको विकास र गतिलाई पनि उठाइएको छ ।

प्रविधिमा एआईको आगमनले व्यक्तिगत पहल र संस्थागत उपलब्धिका लागि साझा अवसरको नयाँ ढोका खोलेको छ । परिस्कृत प्रविधि र किफायती ग्याजेटका कारण एआईको लोकप्रियता बढ्ने देखिन्छ । एआईका कारण विगतलाई सिर्जना गर्न; वर्तमानलाई नयाँ अन्तर्दृष्टि द्वारा विश्लेषण गर्न; र भविष्यको आँकलन गर्न सहज हुन्छ । लेखकबाट अनलाइन सूचकहरूको लामो सूचीलाई मिति र तथ्याङ्कले बुनेर अध्ययन/अनुसन्धानका निचोड उद्धृत गर्दै अध्यायहरू तयार पारिएको छ ।

## मिश्रित प्रभावहरू

सामग्री उत्पादन र वितरणका सन्दर्भमा प्रविधि र सञ्चारका सिमानालाई विस्तार गर्दै जान सक्नु मानव मस्तिष्कको अद्भुत उपलब्धि हो । सोसल मिडियाको बढ्दो प्रयोगले सामाजिक एकाइमा कसरी बहुआयामिक असर पार्छ भन्ने बुझ्ने आधार दिन्छ । एआईले सामग्री उत्पादनलाई थप सहज, सूचना प्राप्तिलाई तीव्र र ग्याजेटलाई सर्वसुलभ बनाउँछ जसले सबै वर्गका व्यक्ति र समूहका लागि यो सेवा अभिन्न बनाउँछ ।

नयाँ प्रविधिले थुप्रै विधामा रोमाञ्चक अवसर प्रदान गर्छ तर तथ्यलाई बङ्ग्याउँदै बहकाउने मिथ्या सूचना र दुष्सूचनाको जोखिम पनि बढाउँछ । जानीजानी वा अन्जानमा घटनाको गलत व्याख्या हुँदा जनमानसमा भ्रम तथा तनाव सिर्जना हुन्छ ।

परिवर्तित समयले पत्रकारितामा चोटिलो, नवीन र सान्दर्भिक सामग्री सहित नयाँ दृष्टिकोण खोजेको छ । सञ्चार गृह र समाचार कक्षले कि लामो समयदेखि अभ्यास गरेको परम्परागत तौरतरिका त्याग्न सक्नुपर्छ कि असान्दर्भिक बनेर समाप्ति तिरको यात्रा तय गर्नुपर्छ । तर लागेको बानी छिटै र सजिलै परिवर्तन हुँदैन । माध्यम अनुकूलको गति र स्पष्टता नगुमाइ बहु ढाँचामा सामग्री उत्पादन गर्ने प्रवृत्तिलाई आत्मसात् गर्न नसक्ने हो भने परम्परागत पत्रकारिताले अब काम गर्दैन ।

छिटै व्यक्तिगत सहजता विस्तार हुँदै मौखिक निर्देशनमै धेरै कार्य सम्पन्न हुनेछन् । रहस्यहरू खोतलिने छन् र जटिल विषय सहज हुनेछन् । यस्ता प्रविधिले मानिसको जिज्ञासा र सामाजिक संवेदनशीलता माथि नकारात्मक असर पार्न सक्ने

जोखिमप्रति केही विद्वानहरू चिन्तित छन् । एआईको बढ्दो प्रयोग र उपस्थितिले अर्को दशकमा यसखाले चिन्ता अझ गम्भीर हुनेछ । मिथ्या सूचना निर्माण अन्जानमा हुनसक्छ तर दुष्सूचना धोका दिनकै लागि योजनाबद्ध कार्यको परिणाम हो । यसखाले सामग्रीलाई सीमितले सदुपयोग गर्लान् तर धेरैलाई बहकाउने उद्देश्यले जानाजान तोडमोड गर्ने जोखिम रहन्छ ।

**प्रविधिले ल्याएको परिवर्तन**

प्रविधिले सूचना र सञ्चार प्रणालीमा असीमित स्थान र अनगिन्ती छनोटको अवसर दिँदै व्यापक परिवर्तन ल्याएको छ । जसले भौतिक उपस्थिति कम तर रचनात्मक अवसर बढाउँदै उल्लेखनीय श्रवणीय र अधिक दृश्यता खोज्छ । सोसल मिडियाले एल्गोरिदमका आधारमा प्रयोगकर्ताका सन्देश, त्यसको गुणस्तर र स्वभाव अनुसार आम जनसमक्ष उनीहरूको रुचि अनुरूप सहज तथा तीव्र रूपमा पुग्ने क्षमता राख्छ ।

डिजिटल विस्तारले नयाँ धारलाई अस्वीकार गर्ने मिडियालाई पूरै विस्थापन त नगर्ला तर गम्भीर चुनौती पेस गर्छ । डिजिटल सूचना प्रवाहमा शक्तिशाली व्यक्ति वा समूहले एकाधिकार जमाउने जोखिमप्रति सचेत रहनुपर्छ । यसले महत्त्वपूर्ण विषयमा सुसङ्गत र सन्तुलित सूचनाको प्रवाहमा अवरोध ल्याउने वातावरण निर्माण गर्न सक्छ । व्यक्तिगत छनौट र सामाजिक मूल्यमान्यताको नाममा सामाजिक द्वन्द्व देखिन सक्छ ।

लेखक दाहालले डिजिटल युगको विकास, विस्तार र प्रभावको मूल्याङ्कन गर्दै इन्टरनेटलाई "गाँस, बास र कपास" जस्तै जीवनका आधारभूत आवश्यकतासँग तुलना सहित मिथ्या सूचना कुनै न कुनै रूपमा सदियौंदेखि प्रवाह हुँदै आएको सम्झना गरेको उचित देखिन्छ । एक्काइसौं शताब्दीमा सही र लोकतान्त्रिक कानुनी प्रक्रियाले निगरानी नगरे मिथ्या सूचनाले महामारीकै गति लिने जोखिम छ ।

सन् १८३० को दशकमा सुरु भएको पेनी प्रेसको रणनीति करिब दुई सय वर्षसम्म प्रभावशाली रह्यो । त्यस्तै, समकालीन सञ्चार वातावरणमा समाचार सेवाका लागि डिजिटल पे-वाल सम्भवतः उपयोगी बन्न सक्छ । नेपालका अङ्ग्रेजी भाषासहितका केही दैनिकहरूले कम्तिमा ९५,००० प्रति बिक्री गर्ने दाबी गरिरहे पनि अहिलेको अवस्थामा पेनी प्रेस रणनीति प्रभावशाली हुँदैन । अपर्याप्त लगानी एवम् स्वतन्त्र र निष्पक्ष दृष्टिकोणको अभावले सामग्रीको गुणस्तर एवम् माध्यमको विश्वसनीयता घटाइरहेको छ ।

## कठिन चुनौती

पाठकको विश्वास जित्ने र सञ्चालन लागत धान्न सक्ने गरी यथासम्भव तीव्र, तथ्यमा आधारित र विश्वसनीय सूचना प्रवाह नै विश्वसनीय र सफल डिजिटल अभियानको सूचक हो । यसलाई भन्न जति सजिलो छ, कार्यान्वयन गर्न उत्तिकै गाह्रो छ । तर यसरी अगाडि बढ्नु आधारभूत आवश्यकता बनिसकेको छ ।

आज परम्परागत मिडियाको स्थान डिजिटल मिडियाले लिँदै छ । परम्परागत मिडियाले बेवास्ता गरेका मुद्दाले अहिले *युट्युब* पत्रकारिता र विशिष्टीकृत अनलाइन माध्यममा स्थान पाउन थालेका छन् । मल्टी च्यानलमा आधारित परम्परागत मिडिया पुरानै अभ्यासको विस्तार जस्तो देखिएका छन् । त्यसैले नयाँ प्रयोगका लागि ती माध्यममा कायम दृष्टिकोण परिवर्तन गर्न आवश्यक देखिन्छ । 'फलो अप' र गहन समाचार सामग्री खोज्ने स्थानका रुपमा अहिले सोसल मिडियाले राम्रै स्थान ओगटेको छन् । यद्यपि यस प्रक्रियामा हल्ला नै समाचार बनेर फैलिने जोखिम छ । कम्प्युटर प्रविधि र डिजिटल विस्तारले सञ्चार क्षेत्रलाई व्यापक रूपमा रूपान्तरण गरेको छ । र, भविष्यमा अझै परिवर्तन आउने देखिन्छ ।

अन्ततः कुनै पनि सामग्रीले माध्यमको गुणस्तर, पहुँच र दिगोपनालाई परिभाषित गर्छ । कुनै मुद्दाको अर्थ र प्रभाव सामूहिक हितलाई केन्द्रमा राखेर प्राथमिकीकरण हुनुपर्छ। यसो गर्दा व्यक्तिको आधारभूत हितलाई हानि पुऱ्याउनु हुँदैन । स्वभाविक हो, सूचनासँग जोडिएको सेवा अत्यधिक मनोरञ्जनको साधनमा सीमित हुने कि ज्ञानको स्रोत बन्ने भन्ने प्रश्न अत्यन्त महत्त्वपूर्ण छ । व्यक्तिको सोच र दृष्टिकोणमा भिन्नता स्वाभाविक हो । तर, सामूहिक अभिव्यक्ति, सुसङ्गत बुझाइ र महत्त्वपूर्ण मुद्दामा साझा सोच अपरिहार्य हुन्छ ।

डिजिटल परिदृश्यबारे यस पुस्तकलाई जानकारी मूलक र विश्लेषणात्मक दुवै दृष्टिकोणले नेपाली लेखकको उत्कृष्ट कार्य मान्न सकिन्छ । सञ्चार क्षेत्रको महत्त्वपूर्ण विषयमा दृष्टिकोणलाई अझ फराकिलो, अझै राम्रो र विस्तारित गुणस्तरीय सामग्रीको अपेक्षा स्वभाविक हुन्छ । जहाँसम्म यस पुस्तकले उठाएको विषय छ, नेपालको लेखन फाँटमा आजसम्मकै सर्वोत्कृष्ट सामग्री मान्न सकिन्छ । छनोटमा गुणस्तरलाई मापदण्ड बनाएको सेन्टर फर मिडिया रिसर्च – नेपाल प्रकाशकका रूपमा जोडिनुले पनि यसको उल्लेखनीय पक्ष दर्साएको हो ।

*(प्राध्यापक खरेल त्रिभुवन विश्वविद्यालय पत्रकारिता र आमसञ्चार केन्द्रीय विभागका संस्थापक प्रमुख हुनुहुन्छ ।)*



**ऋषिकेश दाहाल**, पीएचडी
उप–प्राध्यापक,
पत्रकारिता तथा आमसञ्चार,
त्रिभुवन विश्वविद्यालय

सन् २००६ देखि रत्न राज्यलक्ष्मी क्याम्पसमा अध्यापन गर्दै आएका ऋषिकेश दाहालले त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागबाट 'एजेन्डा सेटिङ रोल अफ नेपाली न्युजपेपर्स ड्युरिङ इलेक्सन' शीर्षकमा विद्यावारिधि गरेका छन् । दाहाल सेन्टर फर मिडिया रिसर्च नेपालका संस्थापक सदस्य एवम् पूर्व अध्यक्ष हुन् । 'सीएमआर नेपाल जर्नालिज्म एकेडेमी'का प्रशिक्षकसमेत रहेका उनका मिथ्या सामग्री, एजेन्डा सेटिङ, डिजिटल मिडिया, अखबारी पत्रकारिता जस्ता विषयमा अनुसन्धानात्मक लेखहरू प्रकाशित छन् ।

दाहालले नयाँ सडक प्रकाशन, स्पेसटाइम प्रा. लि., कान्तिपुर पब्लिकेसन्स, नेपाल रिपब्लिक मिडिया लगायतका समाचार कक्षमा साढे दुई दशक काम गरेका छन् । डिजिटल मिडियातर्फ नागरिकन्युजपछि पहिलोपोस्ट र बिजमाण्डूमा उनी संलग्न रहे । नेपाल टेलिभिजनबाट प्रसारित 'मत अभिमत' कार्यक्रम निर्माताका रुपमा उनले २२ जिल्लामा काम गरेका छन् ।

वितरक
मण्डप पब्लिकेशन हाउस
भृकुटी मण्डप, काठमाडौं

ISBN 9789937185011
9 789937 185011